# नेपालमा सहरीकरणका कारण, परिणाम तथा नीतिहरू

लाल बहादुर ओली


**सार**

*सामन्यतयाः सहरको विकास र विस्तार हुने प्रक्रिया नै सहरीकरण हो । आजभोलि सहरीकरणलाई विकासको अभिव्यक्ति तथा विकासको इन्जिनको रूपमा पनि लिइन्छ जसमा मानिसहरू ग्रामीण क्षेत्रबाट रोजगारी लगायत विभिन्न कारणले ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइसराई गर्दछन् । त्यसैले सहरलाई आजभोलि सभ्यताको परिचायक र मापदण्डको रूपमा पनि लिइन्छ । सहरीकरणले हरेक मुलुकको सामाजिक, आर्थिक, सांस्कृतिक, जनसांख्यिक तथा राजनैतिक क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ र मानिसहरूलाई गुणस्तरीय जीवन प्राप्त गर्न सहयोग गर्दछ तर योजना विहिन तथा अव्यवस्थित रूपमा हुने सहरीकरणले नकरात्मक परिणामहरू निम्त्याउँछ । विश्वमा सर्वप्रथम इ.पू. ३५०० मा इराकको मेसोपोटामियाबाट सहरको उत्पति भयो । त्यसपछि सहरहरूको विश्वभरि विस्तार विकास भई हाल आधाभन्दा बढी मानिसहरू सहरमा बसोवास गर्दछन् । नेपालमा भने काठमाण्डौ उपत्यकाबाट सहरको उत्पत्ती शुरु भए पनि २००७ साल पछि मात्र आधुनिक विकास प्रक्रियाले गति लिए पछि सहरीकरण अगाडि बढ्न थालेको पाइन्छ । हाल नेपालमा १ महानगर पालिका, ४ उपमहानगर पालिका, ५३ नगर पालिका सहित १३२ भन्दा बढी बजार केन्द्रहरूको विकास भएको छ । सहरीकरणका लागि विभिन्न पञ्चवर्षीय योजना कालमा केहि नीतिगत व्यवस्थाहरू गरिए पनि सोचे अनुरूप कार्यन्वयन हुन सकेको छैन् । जसले गर्दा सहरीकरण अव्यवस्थित भइ विभिन्न समस्याहरू सिर्जना भएका छन् । त्यसैले योजनाबद्ध तथा व्यवस्थित रूपमा सहरीकरणलाई अगाडि बढाउन आजको आवश्यकता हो । प्रस्तुत लेखमा नेपालको सहरीकरणको अवस्था, कारण, परिणाम चुनौति तथा नीतिगत व्यवस्था बारे विभिन्न द्विवितिय तथ्याङ्क तथा सूचनाहरू उपयोग गरी व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।*


**मुख्य शब्दहरू** : सहरीकरण, वातावरण जनसंख्या, बसाइसराइ, अर्थतन्त्र

## पृष्ठभूमि

मानव सभ्यताको विकासक्रममा जंगली युग तथा पाषाण युगबाट जब मानव जातिले कृषि युगमा प्रवेश गऱ्यो, त्यसपछि स्थायी वस्तीको सुरूवात भयो । सुरूमा ग्रामीण वस्तीको विकास भयो । त्यसपछि मानिसका आर्थिक क्रियाकलापमा विविधिकरण, खेतीपातीमा सुधार भई, अतिरिक्त उत्पादन हुन थालेपछि, राज्यहरूको उत्पति र विकास भयो, फलस्वरूप समयको मागलाई पूरा गर्न सहरी वस्तीको विकास हुन गई सहरीकरण प्रक्रियाको सुरूवात हुन पुग्यो । समय क्रममा सहरको मात्रात्मक र गुणात्मक पक्षमा निरन्तर परिवर्तनहरू हुँदै गए । ऐतिहासिक तथ्यको आधारमा विश्वमा सर्वप्रथम सहरको उद्य आजभन्दा ३५०० इसापूर्व इराकको मेसोपोटामियाबाट भएको मानिन्छ । यसपछि इजिप्टको थिव्स सहरको स्थापना इ.पूं १६६० मा भएको थियो । यसैगरी इजिप्ट पर्सिया, भारत, चीनका नदी सभ्यतामा विभिन्न सहरहरूको स्थापना हुन पुगे । त्यतिबेला पनि ती सहरहरूमा १ लाख भन्दा बढी जनसंख्या भएको अनुमान छ। क्रिश्चियन युगको प्रारम्भसँगै रोमनसाम्राज्यको उदय र चीनमा हान वंशको समयमा सहरको विकासले अझ संगठित रूप लियो । सत्रौं अठारौं शताब्दीसम्म आइपुग्दा युरोपमा ठूला सहरको वृद्धि अत्यधिक रूपमा भई अन्य क्षेत्रमा क्रमश : विस्तार हुँदै गयो (शर्मा, २०६५) । वर्तमान समयमा विश्वको कुल जनसंख्याको करिब आधा भन्दा बढी जनसंख्या सहरमा वसोवास गर्दछन् । विकसित देशमा सहरी जनसंख्या ७५ प्रतिशत र विकाशोन्मुख देसहरूमा ४४ प्रतिशत सहरी जनसंख्या रहेको छ (विश्व जनसंख्या प्रतिवेदन, २०१०) । आजभोलि भूमण्डलीकरणसँगै सामाजिक, आर्थिक विकासको तिव्रता र बसाइसराइको कारणले विकासोन्मुख देसहरूमा सहरीकण तीव्र रूपमा भइरहेको छ । नेपाल विश्वमा कम सहरीकरण भएको विकासोन्मुख मुलुक भित्र पर्दछ, जहाँ कुल जनसंख्याको करिब १७ प्रतिशत मानिसहरू सहरमा वसोवास गर्दछन्

(CBS, 2011) । हाल नेपालमा एक महानगरपालिका, ४ उपमहानगरपालिका, ५३ वटा नगरपालिका सहित १३२ भन्दा बढी सानासहर तथा बजार क्षेत्रहरू छन्, जसले ग्रमीणक्षेत्रका लागि सेवा केन्द्रको भूमिका साथै देशको आर्थिक विकासको मेरुदण्डको भूमिका खेलेको पाइन्छ (राष्ट्रिय योजना आयोग, २०५९) ।

**सहरीकरणको अवधारणा**

सहरीकरण (Urbanization) शब्द ल्याटिन भाषाको Urbanas शब्दबाट उत्पत्ति भएको मानिन्छ जसले परिष्कृत तथा शिष्ट र सभ्य समाजको अर्थ दिन्छ । तसर्थ सभ्य, परिष्कृत र सु-संस्कृत भएका मानिसहरूको बसोबास स्थल नै सहर हो । यसअर्थमा सहरको स्थापना, विकास र विस्तार हुने प्रक्रियालाई सहरीकरण भनिन्छ । सहरीकरण सम्बन्धमा विभिन्न मतहरू रहेका छन् । समाजशास्त्रीहरूले सहरीकरणलाई उच्च जनघनत्व तथा जातीय अनेकता भएको स्थायी वस्ती विकासको रूपमा लिन्छन् । अन्य विद्वानहरूले कृषिबाट गैर-कृषितर्फ हुने रोजगारीको संरचनात्मक परिवर्तनको भौगोलिक अभिव्यक्ति मानेका छन् । विशिष्ट किसिमको श्रमविभाजन, प्रविधिमा आधारित औद्योगिक उत्पादन, बस्तु तथा सेवाको व्यापार, विनिमय उच्च जनघनत्व र विविधता, यातायात तथा सञ्चार, आधुनिक मूल्यमान्यता आदि सहरका प्रमुख विशेषताहरू हुन् । त्यसै गरी प्रत्येक युगमा सहर नै सभ्यताको परिचायक र मापदण्ड रहँदै आएको मान्न सकिन्छ (शर्मा, २०६०) । यसैगरी Witherick Michael का अनुसार- “सहरीकरण परिवर्तनको एउटा प्रक्रिया हो, जसबाट स्थानहरू र मानिसहरू सहरतर्फ उन्मुख भइरहन्छन् । यसको कारण साना ठूला सहरमा बस्ने जनसंख्यामा वृद्धि हुनु हो । सहरीकरणले मानिसको आम्दानीमा वृद्धि ल्याइरहन्छ । यसर्थ यो वहुआयामिक प्रक्रिया हो । समग्रमा सहरीकरण विकासको अभिव्यक्ति हो जसमा मानिसहरू ग्रामीण क्षेत्रबाट रोजगारीका लागि सहरी क्षेत्रमा बसाइसराइ गर्दछन् । यसले अर्थतन्त्रमा, जनसांख्यिक विशेषतामा, (घनत्व, वितरण, बनौट, संरचना), जीवनशैली तथा बसोबास स्थलको आकार र विशेषतामा परिवर्तन ल्याउँछ” (शर्मा, २०६५) ।

समग्रमा भन्ने हो भने सहरीकरण बहुआयामिक प्रक्रिया हो, जसले जनसंख्या बसाइसराइ, विकास लगायत समाजका हरेक पहलुहरूलाई समेट्छ । मानव जीवनलाई अर्थपूर्ण, सुगम तथा समृद्धिले भरिपूर्ण बनाउन सहरीकरणले महत्त्वपूर्ण भूमिका खेलेको छ । विभिन्न अर्थव्यवस्थमा चाहे सामन्ती अर्थतन्त्रहोस्, चाहे पूँजीवादी अर्थतन्त्र होस् वा समाजवादी अर्थतन्त्र होस् सबै अर्थव्यवस्थामा सहर महत्त्वपूर्ण केन्द्र मानिन्छ । आजभोलि भू-मण्डलीकरणको अङ्गको रूपमा पनि सहरलाई लिइन्छ ।

**अध्ययन विधि तथा सामग्री**

प्रस्तुत लेखमा नेपालको सहरीकरणको अवस्था, प्रभाव, चुनौति तथा नीतिगत व्यवस्थाबारे विभिन्न द्वितिय तथ्याङ्क तथा सूचनाहरूमा आधारित भई व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ । सहरीकरणबारे प्रकाशित विभिन्न जर्नलहरू, पुस्तक, प्रतिवेदन तथा जनगणना तथ्याङ्कहरू आदि सूचनाहरू यस अध्ययनका लागि स्रोतको रूपमा लिइएको छ ।

**विश्लेषण**

नेपालमा सहरीकरण विस्तार यसका कारण, परिणाम तथा नीतिहरूलाई निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ ।

**नेपालमा सहरीकरणको ऐतिहासिक विकासक्रम**

नेपालमा सहरीकरण प्रक्रिया काठमाडौं उपत्यकाबाट सुरू भएको हो । अठारौं शताब्दी सम्म तिब्बत र भारतको व्यापारिक मार्गको सङ्गमस्थलको रूपमा काठमाडौं सहरको विकास भैसकेको थियो । नेपाल एकीकरणपछि काठमाडौं राजनैतिक सांस्कृतिक, सामाजिक, आर्थिक, सामरिक, प्रशासनिक तथा व्यापारीक केन्द्र वन्न पुग्यो र यसको अझ विकास र विस्तार भयो । त्यसपछि राणाकालीन समयमा नेपालको दक्षिणी सिमासम्म भारतीय रेलसेवा विस्तारपछि तराइक्षेत्रमा विराटनगर, जनकपुर, वीरगञ्ज र नेपालगञ्ज जस्ता सहरको जन्म भयो साथै कतिपय पहाडी क्षेत्रमा प्रशासनिक केन्द्रको रूपमा वन्दिपुर, तानसेन, धुलीखेल, चैनपुर, दोलखा आदि साना बजारको विकास भयो । २००७ सालको जनक्रान्तिपछि नेपाल बाह्य सम्पर्कमा पुगेपछि योजनावद्ध आर्थिक विकास, तराईमा औलो उन्मुलन, यातायात तथा सञ्चारको विकास, शैक्षिक जागरण, औद्योगीकरण, रोजगारी अवसर आदिको कारणले बसाइसराइ पनि तीव्र भयो र सहरीकरण प्रक्रिया अझ अगाडि बढ्दै गयो (शर्मा, २०६०) । यो प्रक्रिया अहिले पनि जारी छ । हाल नेपालमा ५८ नगरपालिका र १३२

साना बजारको विकास भएको छ (राष्ट्रिय योजना अयोग, ०६४/०६५-०६६/०६७)।

**सहरको परिभाषा**

विश्वमा सहरी क्षेत्रको निर्धारणका मापदण्ड फरक फरक रहेको पाइन्छ। साधारतया जनसंख्या र गैरकृषि क्रियाकलापलाई आधार मानिएको पाइन्छ। नेपालमा भने जनसंख्यालाई मात्र आधार मानिएको देखिन्छ। यो त्यति वैज्ञानिक आधार होइन तापनि राजनैतिक निर्णयको आधारमा सहरी क्षेत्र तोकिने चलन छ। २०१८ सालको जनगनणा देखि सहरी क्षेत्रको व्याख्या गर्न जनसंख्यालाई आधार मानियो। त्यसबेला ५००० र सोभन्दा माथि जनसंख्या भएमा र सहरी वातावरण (हाइस्कुल, कलेज, अस्पताल, अदालत, प्रशासनिक कार्यालयहरू, बजार सञ्चार सुविधा, मिल, कारखाना) सहरको लागि आवश्यक मानिएको थियो। २०१९ सालको नगरपञ्चायत ऐनले सहर हुनको लागि आवश्यक जनसंख्या दश हजार (१०,०००) हुनुपर्ने नियमको व्यवस्था गऱ्यो। पञ्चायत तथा स्थानीय विकास मन्त्रालयले नगर तोक्ने व्यवस्था गरिएको थियो। पछि २०३३ सालमा नगरपंचायत हुनको लागि ९००० जनसंख्या तोकियो। २०५५ को स्थानीय विकास स्वायत्त शासन ऐनले सहरहरूको वर्गीकरण र सहरीक्षेत्र तोक्ने आधार उल्लेख गऱ्यो, जसअनुसार नगरपालिका हुनको लागि तराईमा कम्तिमा २०,००० जनसंख्या र पहाडमा र हिमालमा १०,००० जनसंख्या हुनुपर्ने तथा विजुली, सडक, खानेपानी, सञ्चार र न्यूनतम सहरी सुविधा हुनुपर्ने उल्लेख गरियो। त्यसैगरी महानगरपालिका हुनका लागि कम्तिमा ३ लाख जनसंख्या र रु. ४० करोड वार्षिक आय, उपमहानगरपालिका हुनका लागि कम्तिमा १ लाख जनसंख्या, र रु.१० करोड वार्षिक आय, नगरपालिका हुनका लागि तराईमा २०,००० जनसंख्या, हिमाल र पहाडमा १०,००० जनसंख्या र न्यूनतम ५० लाख वार्षिक आय हुनुपर्ने व्यवस्था गरियो। यही मापदण्डको आधारमा हाल देशमा काठमाडौं महानगरपालिका, ललितपुर, विराटनगर, पोखरा र वीरगन्ज उपमहानगरपालिका तथा ५३ वटा नगरपालिका रहेका छन्।

**सहरी जनसंख्या र यसको प्रवृत्ति**

नेपालमा सहरीकरण प्रक्रिया लामो भएपनि कति मानिसहरू सहरी क्षेत्रमा वसोवास गर्दछन् भन्ने कुरा २००९/११ देखि लेखाजोखा गर्न सुरू भएको हो। २००९/११ मा कुल जनसंख्या २.९ प्रतिशत सहरी जनसंख्या थियो। यसैगरी २०१८ सालमा ३.६ प्रतिशत, २०२८ सालमा ४ प्रतिशत, २०३८ सालमा ६.४ प्रतिशत, २०४८ सालमा ९.२ प्रतिशत र २०५८ सालको जनगणनामा करिब १४ प्रतिशत मानिसहरू सहरमा बसोवास गरेको तथ्याङ्कले देखाउँछ (CBS, २००३)। यसैगरी राष्ट्रिय जनगणना २०११ को प्राराम्भिक नतिजा अनुसार हाल नेपालमा करिब १७ प्रतिशत मानिसहरू सहरमा बस्छन्। यसै गरी सहरी जनसंख्या वृद्धि प्रतिशत हेर्ने हो भने २००९/०११ देखि २०१८ सालको दुई जनगणना विचमा ४१.१ प्रतिशतका दरले सहरी जनसंख्या बढेको देखिन्छ। यसै गरी २०२८ सालमा ३७.४ प्रतिशत, २०३८ सालमा १०७.१ प्रतिशत, २०४८ सालमा ७७.२ प्रतिशत र २०५८सालमा ९०.४ प्रतिशत र २०६८ को जनगणनाको प्ररम्भिक नतिजा अनसार करिब ४० प्रतिशत सहरी जनसंख्या वृद्धि भएको देखिन्छ। यसबाट के प्रष्ट हुन्छ भने नेपालमा सहरी जनसंख्या वृद्धि हुदै गएको छ। साथै सहरी क्षेत्रको संख्यामा पनि उल्लेखनीय वृद्धि भएको देखिन्छ। २००९/११ मा १० वटा सहरी क्षेत्र भएकोमा हाल ५८ सहरीक्षेत्रको संख्या पुगेको छ। विभिन्न जनगणनामा रहेको सहरी जनसंख्या, सहरी क्षेत्रको संख्या कुलजनसंख्यामा सहरी जनसंख्या प्रतिशत र जनसंख्या वृद्धि निम्न तालिकामा देखाइएको छ।

**तालिका १: नेपालमा सहरी जनसंख्या विवरण**

| जनगणना वर्ष | सहरी जनसंख्या (हजारमा) | कुल जनसंख्यामा सहरी जनसंख्या (प्रतिशत) | सहरी क्षेत्रको संख्या | दुई जनगणना बिचको सहरी जनसंख्या वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|
| २००९।११ | २३८.५ | २.९ | १० | – |
| २०१८ | ३३६.२ | ३.६ | १६ | ४१.१ |
| २०२८ | ४६१.९ | ४.० | १६ | ३७.४ |
| २०३८ | ९५६.७ | ६.४ | २३ | १०७.१ |
| २०४८ | १६९५.७ | ९.२ | ३३ | ७७.२ |
| २०५८ | ३२२७.९ | १४ | ५८ | ९०.४ |
| २०६८* | ४५२५.५ | १७ | ५८ | ४०.० |

स्रोत : CBS Population Monograph, Vol II, 2003, P. 383

* CBS Preliminary Resualt of National Population Census 2011

**सहरीकरणका कारण र परिणामहरू**

सहरीकरण देशको समग्र पक्षसँग सम्बन्धित हुन्छ। जनसंख्या केन्द्रिकरण हुदै जाँदा सहरको विकास र विस्तार हुन्छ । नेपालको सहरीकरण प्रक्रिया विस्तारै भएपनि अगाडि बढिरहेको छ । कुल जनसंख्याको करिब १७ प्रतिशत मानिसहरू सहरमा बस्दछन् (CBS, 2068) । यसरी सहरीकरण हुनुका कारणहरू अन्तर्गत सरकारी नीति, सहरी सुविधाहरू (आवास, मनोरञ्जन, विद्युत, शिक्षा, स्वास्थ्य, संचार) उपलब्ध हुनु रोजगारी तथा आम्दानीको सम्भावना, प्रशासनिक केन्द्र स्थापना, यातायात संचारको विकास, आर्थिक कारोबारको केन्द्र हुनु, बैंकिङ सुविधा हुनु, सुरक्षा तथा राजनीतिक स्वतन्त्रता आदि पर्दछन् ।

यसैगरी सहरीकरण आफैमा बहुआयामिक प्रक्रिया हो जसले सामाजिक, आर्थिक, जनसाङ्खिक विकास र वातावरणमाथि प्रभाव पर्दछ । सामान्यतया सहरीकरणका सकरात्मक तथा नकरात्मक परिणामहरू हुन्छन् ।

**(क) सहरीकरणका सकारात्मक परिणामहरू**

सहरीकरणले सहरको क्षेत्र तथा जनसंख्यामा वृद्धि ल्याउछ। जनसंख्या वृद्धि र आर्थिक व्यवसायको रूपान्तरण प्रक्रियाले आर्थिक तथा सामाजिक संरचनामा र प्रवृत्तिमा प्रभाव पर्छ । यसर्थ सहरीकरणले समग्र अर्थतन्त्रको विकासमा प्रभाव पर्दछ । साथै सहरीकरणले विकासको इन्जिनको रूपमा कार्य गर्दछ र राष्ट्र विकासको ढोका खोल्दछ । बसाइसराइसँगै हुने जनसंख्या वृद्धिले सहरको जनसांख्यिक संरचना बदलिन्छ जसको सामाजिक आर्थिक तथा राजनीतिक क्षेत्रमा प्रभाव पर्छ । वास्तवमा सहरीकरणले मानिसहरूको गुणस्तरीय जीवन प्राप्तिको चाहना पूरा गर्ने र समुन्नत र सभ्य समाजको निर्माण गर्न मद्दत पुऱ्याइ रहेको छ। त्यसैले सहरलाई देशको सामाजिक, सांस्कृतिक, आर्थिक, जनसांख्यिक केन्द्रको रूपमा लिइन्छ । स्वास्थ्य शिक्षा, खानेपानी, रोजगार, यातायात तथा सञ्चार सेवा, विद्युत सुविधा उपलब्ध गराउने र मानिसको गुणस्तरीय जीवनलाई सुनिश्चित गर्ने हुनाले मानिसको आकर्षणको थलोको रूपमा सहरी क्षेत्र दिन प्रतिदिन विस्तार भइरहेको छ । सहरीकरण प्रक्रियाले विकासको स्तरलाई बढाउँछ । सहरीकरण उच्च हुँदा विकासको स्तर पनि उच्च हुन्छ । यसले अर्थतन्त्रको संरचनामा परिवर्तन ल्याउँछ, जसबाट आधुनिक सेवा सुबिधा तथा आम्दानीमा वृद्धि हुन्छ। यसले गुणस्तरीय जीवनमा सुधार ल्याउँछ । यसर्थ सहरीकरणले विभिन्न किसिमबाट फाइदा पुऱ्याउँछ। यसका सकरात्मक प्रभावहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिन्छ ।

(क) आर्थिक फाइदा, राम्रो आम्दानी,
(ख) उच्च उत्पादन,
(ग) विवाह उमेर बढ्नु शिशु मृत्युदर घट्नु, औषत आयु बढ्नु
(घ) आधुनिकीकरण हुनु,
(ङ) महिला ससक्तीकरण हुनु,
(च) सूचनाको पहुँच हुनु ।
(छ) सहरी सुविधाहरूको उपभोग गर्न पाउनु
(ज) राजनैतिक स्वतन्त्रता प्राप्त हुनु आदि ।

**(ख) सहरीकरणका नकारात्मक परिणामहरू**

सहरीकरणको सकारात्मक पक्ष मात्रै छैनन् यसबाट मुख्यतः वातावरणमा तथा सामाजिक, आर्थिक क्षेत्रमा नकारात्मक प्रभावहरू पनि पर्दछन्। सहरीकरणसँगै हुने जनसङ्ख्या वृद्धिले गर्दा जनसङ्ख्याको आकार बढ्छ । बढदो जनसंख्यालाई भरणपोषण गर्न सहरी क्षेत्रभित्र पर्ने तथा वरिपरिको जमीन, जङ्गल, जल तथा खनिज स्रोतमाथि अत्यधिक भार पर्न जान्छ र यसले वातावरणीय असन्तुलन हुन जान्छ र यसबाट विकासका पूर्वाधार अपुग भई सामाजिक, आर्थिक, समस्याहरू सिर्जना हुन पुग्छन् जसले सहरीकरण अव्यवस्थित हुन जान्छ। अन्ततः मानिसको जीविकोपार्जन तथा आम्दानी प्रतिकूल प्रभाव पर्छ। खासगरी अत्यधिक जनसंख्या वृद्धिका कारण प्राकृतिक स्रोतमाथि दबाब बढ्न गई तिनीहरूको बहनक्षमता घट्दछ । अतः यसबाट बातावरणमा ह्रास आँउछ। हालको विश्वव्यापी वातावरणीय संकट आउनुमा कुनै न कुनै रूपमा सहरीकरण प्रक्रिया जिम्मेवारी रहेको तथ्य भुल्नु हुँदैन। सहरीकरणका नकारात्मक प्रभावहरूलाई निम्न बुँदामा उल्लेख गरिन्छ।

(क) बन तथा कृषि क्षेत्रमा अतिक्रमण
(ख) झुपडि बस्ती बढ्नु, आवसमा अत्याधिक चाप,
(ग) सहरी सुविधाहरूको कमी
(घ) आर्थिक असमानता तथा गरिबी बढ्नु
(ङ) सरुवा रोगको प्रकोप बढ्नु
(च) हिंसा अपराध, वेश्यावृत्ति बृद्धि हुनु,
(छ) सामाजिक सास्कृतिक विकृति बढ्दै जानु
(ज) सांस्कृतिक पहिचानमा ह्रास
(झ) वातावरणीय प्रदुषण बढ्नु,
(ञ) सवारी चाप तथा दुर्घटनामा वृद्धि
(ट) जैविक विविधतामा ह्रास आउनु,

(ठ) प्रशासनिक व्यवस्थापनमा कठिनाइ आदि ।

नेपालको सन्दर्भमा हेर्ने हो भने सहरीकरणले विभिन्न परिणामहरू ल्याएको छ । सामान्यतया सहरीकरणले सकारात्मक प्रभावहरू परे पनि नेपालको सहरी बस्ती अव्यस्थित तथा योजना विहीन ढंगले विकास भएकोले यसबाट नकारात्मक प्रभावहरू दिन प्रतिदिन बढ्दैछन् । विभिन्न कारणबाट सहरी क्षेत्रमा अत्यधिक रूपमा हुने जनसंख्याको बसाइसराइले गर्दा सहरी क्षेत्रमा भौतिक पूर्वाधार (विजुली, ढल, खानेपानी, स्वास्थ्य केन्द्र शिक्षालय आदिको) अभाव हुने गर्दछ । नेपालका सहरीक्षेत्रमा फोहोरमैला व्यवस्थापनको समस्या, खानेपानीको अभाव, योजनाविहीन स्तरहीन र अव्यवस्थित भवन निर्माण र वस्ती विस्तार, ढलको अभाव, कृषिभूमिको अतिक्रमण, वायुप्रदुषण, ध्वनिप्रदुषण, यातायातका साधनको चाप, ट्राफिकजाम, झुपडी (Slums) बस्तीको वृद्धि, फोहोरमैला थुप्रिनु आदि जल्दावल्दा समस्याहरू हुन् । फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिलसाइट नहुनु, तराईका सहरमा बाढी प्रकोप हुनु पनि समस्याका रूपमा देखिएका छन् । व्यक्तिगत तहमा अव्यवस्थित रूपमा हुने घरघडेरी प्लटिङ्गले आक्रन्त नभएको सहर पाउँन गाह्रो छ जसले सहरको व्यवस्थापनलाई झन जटील बनाउँदै लग्ने निश्चित छ । जथाभावी बनाइने भवन तथा भौतिक संरचनाले गर्दा हाम्रा सहरहरू केवल कंक्रिटको जंगलमा रूपन्तारण भएका छन् । यी सबै समस्याहरूले गर्दा सहरी जीवन दिनप्रतिदिन कठीन बन्दै गएको आभास हुन्छ । सहरी तथा आसपासका क्षेत्रको वातावरण प्रदुषण तथा फोहोरको समस्या छ । काठमाडौं उपत्यका लगायत अन्य सहरमा सडक छेउमा फोहोरको थुप्रो देखिनु र दुर्गन्ध फैलिनु सामान्य कुरा भएका छन् । विभिन्न सहरीक्षेत्र भित्र र वरिपरिका नदी, खोला, ताल प्रदुषित हुनु, अव्यवस्थित सहरीकरणसँगै काठमाडौं उपत्यकामा भूमिगत जलको अन्धाधुन्ध प्रयोगले ढुङ्गेधारा तथा अन्य इनार, पानीका मुहान सुक्नु, जस्ता वातावरणीय समस्याहरू बढ्दै गएका छ । यसर्थ नेपालमा सहरमा बस्ने तर सहरी सुविधाबाट वञ्चित हुने स्थितिले सहरको ग्रामीणीकरण भइरहेको छ भन्दा अत्युक्ति हुँदैन ।

**नेपालमा वर्तमान सहरीकरणको नीति**

नेपालमा प्रथम पञ्चवार्षीय विकास योजनादेखि छैठौ पञ्चवर्षीय योजना कालमा सहरीकरणका लागि विभिन्न नीतिगत व्यवस्था कुनै न कुनै रूपमा गरिए पनि पहिलो पटक सातौ योजनाले मात्र सहरी विकासका लागि समग्र नीति तयार गऱ्यो तर कार्यन्वयन हुन सकेन (प्रधान, २००३) । आठौं योजनाले बजार केन्द्रको विकासमा विशेष जोड दिदै सहरीकरण र क्षेत्रीय विकासको नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याएको देखिन्छ । यसैगरी नवौं योजनामा राष्ट्रिय एवम् स्थानीय स्तरमा बजार क्षेत्रहरूको पहिचान गरी क्षेत्रीय विकास एवम् राष्ट्रिय विकासमा एकीकरण गर्ने नीति लिइयो । यसैगरी दशौं योजनाले विद्यमान संस्कृतिक पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन हुने गरी आधुनिक भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले सहरहरूको विकास तथा गाउँ नगर अन्तरसम्बन्ध सुदृढ गर्ने नीति लिएको थियो । त्रि-वर्षीय अन्तरिम योजना (२०६४) ले सहरी विकासलाई ग्रामीण विकासको पृष्ठपोषकको रूपमा लिई स्वच्छ, सुरक्षित र समृद्ध सहरी वातावरण सृजना गर्न गाउँ सहर अन्तर सम्बन्ध विस्तार गरी ग्रामीण बस्तीलाई क्रमशः सहरीकरण गर्दै लैजाने उद्देश्य राखी निम्नानुसारको रणनीति तथा कार्यनीतिहरू लिएको छ (राष्ट्रिय योजना आयोग,२०६४) ।

**रणनीति**

१. ठूला सहरलाई क्षेत्रीय आर्थिक केन्द्रको रूपमा विकास गर्दै अन्य साना एवम् मध्यम सहरसँग जोडी गाँउ नगर सम्बन्ध सुदृढ गर्ने,
२. भौतिक विकासको माध्यमबाट सहरी पूर्वाधार खडा गर्दा त्यहाँ रहेका पर्यटकीय ऐतिहासिक क्षेत्रको संरक्षण हुने गरी सहरी विकासलाई अगाडि बढाउँने
३. ठूला सहर वरिपरी उप-नगरहरूको विकास तथा सहर उन्मुख बस्तीहरूको योजनाबद्ध विकासको आधार तयार गर्ने
४. सहरी योजना कार्यान्वयनको प्रमुख निकायको रूपमा स्थानीय निकायलाई सुदृढ गर्ने ।

**नीति तथा कार्यनीतिहरू**

१. अनियन्त्रित सहरी विकास र विस्तारलाई योजनाबद्ध रूपमा व्यवस्थित गर्न भौतिक योजना प्रणालीलाई सुदृढ गर्ने ।
२. सहरी आधारभूत सेवा सुविधा तथा पूर्वाधारको विकास गर्ने ।
३. सहरी वातावरणमा सुधार गर्ने ।

४. सहरको संस्कृतिक र प्राकृतिक सम्पदा संरक्षण गर्ने ।
५. स्थानीय निकायलाई सहरी विकासमा क्रियाशील गराउने र ती निकायहरूलाई कानुनी रूपमा अधिकार सम्पन्न र संस्थागत रूपमा सक्षम बनाउने ।
६. एकीकृत सहरी विकास नीति बनाउने ।

यसैगरी त्रिवर्षीय योजना (२०६७/०६८ देखि २०६९/०७०) ले सहरी विकासका लागि अनियन्त्रित सहरीकरणलाई भौतिक योजनाको माध्यमबाट व्यवस्थित गरी ग्रामीण क्षेत्रसँगको अन्तरसम्बन्ध सुदृढ गर्ने दीर्घकालीन सोच राखि सुरक्षित स्वच्छ र आर्थिक रूपमा गतिशील सहरहरूको विकास गर्ने एवम् सहरीकरण तथा आधारभूत सहरी सेवाबिच सामान्जस्यता स्थापित गरी संतुलित राष्ट्रिय सहरी स्वरूपको विकास गर्ने उद्देश्य राखी निम्नानुसारका रणनीति तथा कार्यनीतिहरू लिएको छ ।

(क) रणनीति (Strategy)

१. क्षेत्रीय सहरहरू तथा मझौला सहरहरूका आधारभूत सामाजिक आर्थिक पूर्वाधारहरूमा सहरहरूको मौलिक पहिचानलाई समेत दृष्टिगत गरी सरकारी लगानीलाई निर्देशित गर्दै निजी क्षेत्रको लगानीलाई आकृष्ट गर्ने ।
२. यस क्षेत्रमा सार्वजनिक, निजी साझेदारीलाई प्रर्वधन गर्ने ।
३. समाजका कमजोर वर्गलाई आवास सुविधा उपलब्ध गराउने ।

(ख) कार्यनीति (Working Policicy)

१. एकीकृत जग्गा विकासको माध्यमबाट ग्रामीण विकासलाई व्यवस्थित गरिने छ ।
२. समाजका कमजोर वर्गलाई आवास सुविधा पुऱ्याउने ।
३. प्रमुख लोकमार्ग, मध्यपहाडि मार्ग तथा आर्थिक विकासका दृष्टिकोणले महत्वपूर्ण मार्गहरूको निकटमा व्यवस्थित सहर तथा वस्तीहरूको विकास गर्ने ।
४. दिगो तथा व्यवस्थित सहरी विकास योजना तथा बस्ती विकास कार्यक्रम लागु गर्ने ।
५. सहरी विकाससँग सम्बद्ध पात्रहरूको बिचमा कार्यगत समन्वय अभिवृद्धि गर्ने ।
६. सबै नगरपालिकाहरूमा नगर प्रोफाइल, स्रोत नक्सा तथा आवधिक योजना तर्जुमा कार्य सम्पन्न गर्ने ।
७. सहरी क्षेत्रमा आवश्यक ठूला पूर्वाधार विकास तथा आवास बस्ती विकासका लागि लगानी योजना तयार गर्ने ।
८. ठूला क्षेत्रीय र साना सहरहरूको एकिकृत पूर्वाधार विकास गर्ने ।
९. राष्ट्रिय सहरी पूर्वाधार लगानी नीति तर्जुमा गरी लागू गर्ने ।
१०. सहरी पूर्वाधार निर्माणका लागि निजी क्षेत्र र स्थानीय निकायलाई आकर्षित गर्न सार्वजनिक निजी ऐन तर्जुमा गर्ने ।
११. नगर पालिका तथा नगर उन्मुख गा.वि.स.हरूको भू उपयोग योजना तयार गरी बस्ती विकास र प्राकृतिक संरक्षणलाई जोड दिने ।
१२. सहरी पूर्वाधार विकास तथा सहरी शुसाशन कार्यलाई एकीकृत र समन्वयात्मक रूपमा सम्पादन गर्न छुट्टै संस्थागत संयन्त्र निर्माण गर्ने ।

यसैगरी सहरीकरण प्रक्रिया आफैमा बहुआयामिक हुने भएकोले यो विभिन्न नीतिहरूसँग पनि सम्बन्धित हुन्छ । नेपालले तर्जुमा गरेका सडक तथा यातायत नीति, उद्योग नीति, शिक्षा नीति, स्वास्थ्य नीति, पर्यटन नीति, कृषि नीति, वातावरण आदि नीतिहरूले पनि सहरीकरणको गति र प्रक्रियामा प्रभाव पारेको देखिन्छ ।

**सहरीकरणका चुनौतिहरू**

अव्यवस्थित सहरीकरणबाट वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई समयमै कम गर्ने तर्फ पाइला चालन आवश्यक छ । नेपालमा विभिन्न योजनाकालमा सहरीकरण विकास जनसंख्या तथा वातावरण सम्बन्धी विभिन्न नीति योजना कार्यक्रम तर्जुमा भए पनि तिनीहरूमा स्पष्ट दृष्टिकोणको अभाव र व्यवहारिक रूपमा कार्यन्यवन हुन सकेको पाइदैन अतः सहरीकरण प्रक्रियालाई योजनावद्ध रूपमा अगाडि बढाउँदा आउने चुनौतिहरू पनि हुन्छन जसलाई निम्नबुँदामा उल्लेख गरिन्छ ।

१. सहरीकरण जनसंख्या विकास र वातावरण व्यवस्थापन सम्बन्धी एकीकृत राष्ट्रिय दृष्टिकोण, राजनैतिक प्रतिवद्धता, स्पष्ट राष्ट्रिय नीति ऐन नियमको अभाव ।
२. सहरी क्षेत्र सम्बन्धी स्पष्ट पारदर्शी तथा व्यवहारिक भूउपयोग नीति, ऐन, नियमको अभाव तथा भएका नीतिनियम कार्यान्वयन हुन नसक्नु ।
३. राज्यका केन्द्रीय निकाय, स्थानीय निकाय, संघसंस्था तथा निजी क्षेत्रका बिचमा सहरी विकास र वातावरण व्यवस्थापनको सर्न्भमा तालमेल नहुनु ।

४. झुपडी बस्तीमा बस्ने परिवारलाई आवासमा पँहुच नहुनु।
५. अनियान्त्रित बसाइसराइ ।
६. दक्ष जनशक्तिको अभाव ।
७. सहरी पूर्वाधार विकासका अल्पकालीन दिर्घकालीन सोच र योजनाको अभाव ।
८. अव्यवस्थित रूपमा घरघडेरी प्लटिङ्ग गरिनु जसले सहरी क्षेत्रको सीमान्त भूमिको अतिक्रमण हुनु ।
९. प्राकृतिक प्रकोप जस्तैः- बाढी र भूकम्प ।
१०. सहरी पूर्वाधार निर्माणमा लगानी अभाव ।
११. गरिबी निवारण गरी सहरका गरिब मानिसहरूलाई सहरी सुविधा (आवास, पिउने पानी, सरसफाइ, शौचालय, विद्युत, शिक्षा, स्वास्थ्य, आदि) मा पहुँच पुऱ्याउन ।
१२. नागरिकहरूमा सहरीकरण र वातावरण व्यवस्थापन सम्बन्धी आवश्यक चेतनाको अभाव, जिम्मेवारीबोधको कमी ।

**अगाडिको बाटो**

देशको वातावरणीय तथा जनसांख्यिक यथार्थलाई आत्मसाथ गरी सहरीकण गर्न सकेमात्र देशको समग्र देशको विकास हुन्छ। यसैले **विकासका लागि सहरीकरण** र **वातावरणमैत्री सहरको विकास** भन्ने कुरालाई ध्यान दिन आवश्यक छ । बसाइसराईको प्रवाह ठूला सहरमा मात्र केन्द्रित हुने हो भने स्थिति झन् बिग्रन्छ । त्यसैले विकेन्द्रित सहरको विकास आवश्यक छ जसले प्रादेशिक असन्तुलन हटाउन र वातावण व्यवस्थापन गर्न सजिलो हुन्छ । वातावरणीय स्रोत, सांस्कृतिक सम्पदा संरक्षण तथा मानिसहरूको स्वच्छ र स्वस्थ वातावरणमा जिउने हकलाई सुनिश्चित गर्न सहरीकरणलाई योजनाबद्ध तथा व्यवस्थित ढङ्गबाट अगाडि बढाउँनु आजको आवश्यकता हो । यसका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ ।

१. सहरीकरण, विकास र वातावरण सम्बन्धी राष्ट्रिय दृष्टिकोण नीति नियम तर्जुमा गरी अल्पकालीन र दिर्घकालीन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु।
२. ठाउँ सुहाँउदो उपयुक्त सहरी भू-उपयोग योजना बनाई लागू गर्नु ।
३. सहरी क्षेत्रमा आवास निर्माण सहित कडाईका साथ लागू गर्नु ।
४. भौतिक पूर्वाधारको निर्माण जनसंख्या वृद्धिको अनुपातमा बढाउदै लैजाने ।
५. अनियन्त्रित बसाइसराइ रोक्ने खालका कार्यक्रमहरू लागू गर्ने ।
६. सहरी क्षेत्रमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गरी फोहोरमैला व्यवस्थापन गर्ने । **फोहोरबाट मोहर आउँछ** भन्ने नारालाई व्यापक बनाउने ।
७. ध्वनि प्रदुषण, वायु प्रदुषण तथा जलप्रदुषण सम्बन्धी निर्धारित मापदण्ड कडाईका साथ लागू गर्ने ।
८. सहरी ढल सिधै नदि खोलामा मिसाउन नियन्त्रण गर्ने।
९. केन्द्रीयतहका सरोकारवाला निकाय, स्थानीय निकाय संघसंस्था तथा निजीक्षेत्रका बिचमा समन्वय गरी कार्यक्रमहरू संचालन गर्ने ।
१०. झुपडी बस्ती, बाढी प्रकोप समस्या समाधानका लागि आवश्यक पहल गर्नु पर्ने ।
११. नागरिकहरूलाई जिम्मेवारी बोध गराउनु, सहरी व्यवस्थापन तथा वातावरण सम्बन्धी जनचेतना प्रदान गर्ने खालका कार्यक्रमहरू संचालन गर्ने ।
१२. दिगो विकासको अवधारणालाई लागू गर्नुपर्ने ।

**निष्कर्ष**

सहरीकरण विकासको अभिव्यक्ति हो अथवा विकासको चालक शक्ति हो । मूलतः विभिन्न कारणले गर्दा मानिसहरू गाउँबाट सहरतिर बसाइसराइ गर्नाले जनसङ्ख्याको केन्द्रीकरण सहरीक्षेत्रमा भइरहेको छ । विश्वका आधा मानिस बस्ने सहर अझै आकर्षणको थलो मानिनेछ । सहरीकरणका सकरात्मक परिणाम स्वरूप अन्ततः मानिसको गुणस्तरीय जीवनमा वृद्धि भएपनि अव्यवस्थीत तथा योजना विहीन रूपमा हुने सहरीकरणबाट नकरात्मक परिणामहरू उत्पन्न हुन्छन । नेपाल जस्ता विकासोन्मुख देसहरूमा सहरीकरणसँगै विकासले गति लिए पनि सहरीकरण व्यवस्थित हुन नसक्दा वातावरणीय क्षेत्र आर्थिक, सामाजिक तथा जनसाङ्ख्यिक क्षेत्रमा विभिन्न समस्याहरू देखा परेका छन्। यसो हुन नदिन योजनावद्ध व्यवस्थित सहरीकरण आवश्यक पर्छ । त्यसैले सरोकारवालाहरू आ-आफ्नो ठाउँबाट क्रियाशील भई उत्तरदायित्व बोध गर्नु आजको आवश्यकता हो। हाम्रो सहर राम्रो सहर तथा वातावरण मैत्री सहरको नारालाई मूर्तरूप दिइ समग्र राष्ट्रको विकासलाई सुनिश्चित गर्न जरुरी छ ।

***लेखक परिचयः***
*श्री लाल बहादुर ओली भूगोल विषयका उप-प्राध्यापक हुनुहुन्छ । उहाँका थुप्रै लेख रचनाहरू तथा स्नातक तहका पाठ्यपुस्तकहरू प्रकाशित छन् ।*

## References

Bhende, A. A., & Tara (1999). *Principles of population studies.* Bombey 400004, Himilayan publishing house.

CBS (2003). *Population monograph of Nepal* vo. 1 HMG/NPC, Kathmandu Nepal : CBS

CBS (2011). *Preliminary results of national population census.* Kathmandu Nepal : CBS

Dhahal, M. K., & Dhahal, D. R. (2005). *Enviromental and sustainable development, issues in Nepales perspectives.* Kathmandu NEFAS.

Hagen, T. (1998). Nepal: *The kingdom in the himalay.* Kathmandu: Himal Books.

IUCN (2000). *Environment source book.* Kathmandu: IUCN.

Knowled, R., & Wareing, J. (1996). *Economic and social geography*. Calcatta 700073:Rupa and Co.

Pradhan, P. K. (2003). *Mannual for urban rural linkeage and rural development,* Kathmandu: New Hira Book Interprises.

Population Reference Bureau. (2010), *World Population Data Sheet.* USA : PRB

Sharma, R. C. (1995). *Population trends, resoureces and environment.* New Delhi: Dhanapat Raj publishing Company.

Shreshtha, D. (1999). Landuse planning in Nepal: An agenda for policy analysis, *A Journal of Devlopment,* vol. 19, NPCS, Nepal.

Sijapati K. S. (2054). *Fundamentals of Nepalese rural economy.* Kathmandu : Ratna Pustak Bhandar.

Todaro, M. P., & Stephen, C. S. (2011). *Economic development.* India : Pearson Education Limited.

ओली, लालबहादुर (२०६२), *वातावरणीय शिक्षा,* काठमाण्डौ : न्यू हिराबुक्स इन्टरप्राइजेज ।

खनिया, प्रेमराज (२०५४), *बस्ति भूगोल* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

धिताल, नेत्रप्रसाद, र खनाल, तन्त्रिकाराज (२०६८), *जनसंख्या र वातावरण,* काठमाण्डौः पिनाकल पब्लिकेशन

राष्ट्रिय योजना आयोग (२०६४/०६५) *तीनवर्षे अन्तरिम योजना* २०६४/६५-०६७/०६८ काठमाडौं रा.यो.आ. ।

राष्ट्रिय योजना आयोग (२०६७/०६८) *तिनवर्षे अन्तरिम योजना* २०६७/६८-०६९/०७० काठमाडौं : रा.यो.आ.

पाण्डे, रामकुमार (२०६९), *नेपालको मानव भूगोल,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

प्रधान, पुष्कर कुमार, र सिग्देल, तुल्सीनारायण (२०६२), *सहरगाँउ सम्बन्ध र ग्रामीण विकास,* काठमाण्डौ : न्यू हिराबुक्स इन्टरप्राइजेज ।

पोखेल, कवि, ओली, लालबहादुर (२०६४), *वातावरण शिक्षा,* काठमाडौं : ग्लोवल प्रकाशन ।

शर्मा, महेन्द्र, प्र. (२०६७), *जनसंख्या वातावरण र गुणस्तरीय जीवन,* काठमाडौंः प्रधान बुक हाउस ।

शर्मा, पिताम्बर (२०६०), विकासको बाटो सहरीकरण, *हिमाल पत्रिका,* २०६०, जेष्ठ १-१५ ।